सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी

**आदेश**

०७४-WO-०९२४

विषयः प्रतिषेध।

| | |
|---|---|
| जिल्ला नुवाकोट बेलकोटगढी नगरपालिका वडा नं.५मा रहेको त्रिशुली बालुवा प्रशोधन उद्योगका तर्फ र आफ्नो हकमा समेत ऐ.का प्रो.दाताराम अकौलिया-१ | निवेदक |

**विरुद्ध**

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय, नुवाकोट -----------------------------------------१ | प्रत्यर्थी |
| जिल्ला प्रहरी कार्यालय, नुवाकोट ---------------------------------------------१ | |
| उद्योग विकास शाखा विदुर, नगरपालिका नुवाकोट---------------------------१ | |

नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

**तथ्य खण्ड**

१) निवेदकले उद्योग संचालनका लागि फर्म दर्ता गरी बालुवा प्रशोधनका लागि सम्पूर्ण प्रचलित कानूनबमोजिमका कार्यविधि तथा प्रकृया पुरा गरी उद्योग स्थापना तथा संचालन गर्ने इजाजत लिई कानूनबमोजिम उद्योग संचालनमा रहेकोमा मिति २०७४।११।३० मा जिल्ला प्रशासन कार्यालय नुवाकोटसमेतको अनुगमनबाट उद्योग बन्द गर्न पत्र दिएकोमा २०७४।१२।२४ मा उद्योग खोल्ने पत्र दिई उद्योग संचालनमा रहेको थियो। यसरी उद्योग संचालन भइरहेकोमा मिति २०७५।२।२ मा जिल्ला प्रशासन कार्यालय नुवाकोट र जिल्ला प्रहरी कार्यालय नुवाकोटबाट खटाएका प्रहरी कर्मचारी एक्कासी रुपले उद्योग हातामा आई सम्मानित सर्वोच्च अदालतबाट रिट निवेदक राजेन्द्र चित्रकार बिपक्षी नेपाल

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी

आदेश

०७४-WO-०९२४

विषयः प्रतिषेध।

जिल्ला नुवाकोट बेलकोटगढी नगरपालिका वडा नं.५मा रहेको त्रिशुली बालुवा प्रशोधन उद्योगका तर्फ र आफ्नो हकमा समेत ऐ.का प्रो.दाताराम अकौलिया-१ निवेदक

विरुद्ध

जिल्ला प्रशासन कार्यालय, नुवाकोट ------------------------------------------१
जिल्ला प्रहरी कार्यालय, नुवाकोट ----------------------------------------------१ प्रत्यर्थी
उद्योग विकास शाखा विदुर, नगरपालिका नुवाकोट---------------------------१

नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

तथ्य खण्ड

१) निवेदकले उद्योग संचालनका लागि फर्म दर्ता गरी बालुवा प्रशोधनका लागि सम्पूर्ण प्रचलित कानूनबमोजिमका कार्यविधि तथा प्रकृया पुरा गरी उद्योग स्थापना तथा संचालन गर्ने इजाजत लिई कानूनबमोजिम उद्योग संचालनमा रहेकोमा मिति २०७४।११।३० मा जिल्ला प्रशासन कार्यालय नुवाकोटसमेतको अनुगमनबाट उद्योग बन्द गर्न पत्र दिएकोमा २०७४।१२।२४ मा उद्योग खोल्ने पत्र दिई उद्योग संचालनमा रहेको थियो। यसरी उद्योग संचालन भइरहेकोमा मिति २०७५।२।२ मा जिल्ला प्रशासन कार्यालय नुवाकोट र जिल्ला प्रहरी कार्यालय नुवाकोटबाट खटाएका प्रहरी कर्मचारी एक्कासी रुपले उद्योग हातामा आई सम्मानित सर्वोच्च अदालतबाट रिट निवेदक राजेन्द्र चित्रकार बिपक्षी नेपाल

सरकारसमेत भएको ०७४-WO-७०४ को रिट निवेदनमा वालुवा प्रशोधन उद्योग बन्द गर्नु भन्ने अन्तरिम आदेश जारी भएकोले ततकालै उद्योग बन्द गर्नुहोस नगरेमा कडा कार्वाही हुन्छ भनि लिखित पत्र नदिई मौखिक रुपले जवरजस्ती पूर्वक उद्योग बन्द गराउनु भयो । यस सम्मानित अदालतमा दायर गरेको उक्त ०७४-WO-०७०४ को रिट निवेदनमा म निवेदकलाई बिपक्षी बनाएको अवस्था नै छैन । म निवेदकउपर दायर नै नभएको अन्य व्यवसायीका बिषयलाई लिएर दायर भएको मुद्दामा जारी आदेश मेरो हकमा बन्धनकारी हुँदै सक्दैन । बिपक्षी नै नबनाएको मुद्दामा जारी भएको आदेशले म निवेदकको उद्योगको संचालनलाई असर गर्छ भन्नु प्राकृतिक न्यायका सार्वभौम सिद्धान्तबिपरित छ वातावरण संरक्षण ऐन तथा नियमावलीले बालुवा प्रशोधन उद्योगका लागि प्रारम्भिक वातावरणीय परिक्षण (Initial Environment Examination) गर्नु पर्ने कानूनी व्यवस्था नै नभएकोले तोकिएका अन्य सम्पूर्ण कानूनी प्रकृया तथा कार्यविधि र मापदण्ड पुर्‍याई निवेदकले उद्योग स्थापना गरेको अवस्था छ । अतः कानूनी प्रकृया तथा कार्यविधि पुरा गरी कानूनबमोजिम संचालित उद्योगलाई संचालन गर्न नदिनु पर्ने कुनै कारण नभएकोले समेत उद्योग संचालन गर्न पाउनु पर्ने निर्विवाद छ।

२) यस सम्मानित अदालतबाट रिट नं. ०७४-WO-०७०४ मा मिति ०७५।१।२५ गते जारी भएको आदेशमा उल्लेख भएको अनुगमनबाट म निवेदकले संचालन गरेको उद्योगलाई बन्द गर्न पत्र दिएको नभई सामान्य त्रुटी देखाएकोमा उक्त त्रुटी सच्याई नगरपालिकाको सिफरिसबमोजिम उद्योग संचालन गरी सकेको अवस्था रहेको थियो । त्यसमा पनि दर्ता नभै अवैध रुपमा संचालनमा रहेका उद्योगका हकमा मात्र उक्त आदेश जारी भएकोमा दर्ता भै संचालित उद्योगलाई समेत अन्तरिम जारी भएको भन्न कदापी पनि नमिल्ने हुँदा समेत मेरो उद्योग संचालन गर्न पाउनु पर्ने निर्विवाद छ।

३) निवेदकले कानून बमोजिम दर्ता गरी इजाजत प्राप्त गरी संचालित उद्योगलाई प्रत्यर्थी कार्यालयबाट खटाएका प्रहरी कर्मचारीले मेरो हकमा लागु नै नहुने अन्तरिम आदेशका आधारमा मेरो उद्योग संचालन गर्न रोकेको र बिपक्षीहरुको कार्यबाट म निवेदकलाई नेपालको संविधानको धारा १७(२)(च), १८(१), २५(१) समेतद्धारा प्रदत्त हकमा आघात पुगेकोले म निवेदकले इजाजत लिई नुवाकोट जिल्लामा संचालन गरेको बालुवा प्रशोधन उद्योगलाई संचालन गर्नबाट रोक नलगाउनु

संचालनमा वाधा, व्यवधान नगर्नु भनि नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम प्रतिषेध लगायत अन्य जो चाहिने आज्ञा, आदेश वा पूर्जि जारी गरी पाऊँ।

४) प्रत्यर्थी कार्यालयहरुबाट यस सम्मानित सर्वोच्च अदालतबाट मेरो बिरुद्ध जारी नै नभएको आदेशको गलत व्याख्या गरी कानूनबमोजिम इजाजत प्राप्त मेरो उद्योगलाई संचालनमा रोक लगाएको र उद्योग संचालन हुन नपाएका कारण निवेदकलाई दिनानुदिन व्यवसायीक क्षति पुग्नुका साथै संकलित मालवस्तु दिनानु दिन नासिंदै मासिंदै गएको साथै कामदार कर्मचारी कामविहिन हुन पुगेको अवस्था छ । यसका अतिरिक्त बालुवा आपूर्ति हुन नपाएकोले विकास निर्माण तथा पुर्ननिर्माणको काम अवरुद्ध हुन पुगेकोले प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निवेदक कम्पनीद्वारा इजाजत लिई नुवाकोट जिल्लामा संचालित बालुवा उद्योगलाई संचालन गर्न रोक नलगाउनु संचालन गर्न दिनु भनि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२) बमोजिम प्रत्यर्थीहरुका नाउँमा अन्तरिम आदेशसमेत गरी गरी पाऊँ भन्ने बेहोराको त्रिशुली बालुवा प्रशोधन उद्योगका तर्फ र आफ्नो हकमा समेत ऐ.का प्रो.दाताराम अकौलिया को यस अदालतमा पर्न आएको संयुक्त निवेदन।

५) यसमा के कसो भएको हो? निवेदकहरुको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए आधार र कारण सहित सूचना पाएका मितिले बाटोको म्याद बाहेक १५ दिनभित्र विपक्षी नं.१ र २ को हकमा महान्यायाधिवक्ताको कार्यालय र अन्य विपक्षीको हकमा आफै वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरुका नाममा सूचना जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु। अन्तरिम आदेशको सम्बन्धमा दुवै पक्ष राखी छलफल गरी निष्कर्षमा पुग्नु पर्ने उपयुक्त देखिएकोले सो प्रयोजनको लागि मिति २०७५।०३।१२ गते उपस्थित हुनु भनी पक्षहरुलाई पेशी सूचना दिनू। IEE गरी रीतपूर्वक दर्ता इजाजत लिई व्यवसाय सञ्चालन गरेको भन्ने पेश भएको कागजातबाट देखिन आएको परिप्रेक्ष्यमा उक्त अन्तरिम आदेश छलफलको टुङ्गो नलागेसम्म निवेदकलाई रोडा ढुङ्गा उद्योगहरु सञ्चालन गर्न रोक नलगाउनु, संञ्चालन गर्न दिनु भनी विपक्षीहरुको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(ख) बमोजिम अल्पकालीन

अन्तरिम आदेशसमेत जारी गरिदिएको छ। यस आदेशको जानकारी विपक्षीहरुलाई यथाशिघ्र दिनू भन्ने यस अदालतको मिति २०७५।२।३१ को आदेश।

६) मिति २०७४।११।३० देखि २०७४।१२।६ गते सम्म नुवाकोट जिल्लामा सञ्चालनमा रहेका विभिन्न क्रसर तथा बालुवा प्रशोधन गर्ने उद्योग अनुगमनका क्रममा अवैध रुपमा सञ्चालन भएका उद्योग तत्काल बन्द गरेको व्यहोरा निज निवेदकले नै आफ्नै निवेदनमा उल्लेख गरेको देखियो । मिति २०७४।११।३० गते अनुगमन गर्दा त्रिशुली बालुवा प्रसोधन उद्योगको पनि Sedimentation tank व्यवस्थित नभई मापदण्ड पुरा नभएको, नियमानुसारका शर्त एवम् मापदण्ड पुरा नगरेको पाइएकाले अर्को आदेश नभएसम्मको लागि उद्योग बन्द गर्ने अनुगमन समितिको निर्णयानुसार सो बालुवा प्रशोधन उद्योग बन्द गरेको हो । सो बाहेक यस सम्वन्धमा जिल्ला प्रशासन कार्यालय नुवाकोटबाट कुनै काम नभएकोले यस जिल्ला प्रशासन कार्यालयलाई विपक्षी बनाउनु पर्ने कारण र अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको जिल्ला प्रशासन कार्यालय नुवाकोटको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

७) यस कार्यालय अन्तर्गतका मातहत प्रहरी कार्यालयहरूलाई गस्ती, पट्रोलिङ गर्न परिपत्र गरेको र जिल्ला प्रशासन कार्यालयबाट मिति २०७४/११/३० गतेदेखि २०७४/१२/०६ गतेसम्म नुवाकोट जिल्लामा संचालनमा रहेका बिभिन्न क्रसर तथा बालुवा प्रशोधन गर्ने उद्योग अनुगमनका क्रममा अवैध रुपमा संचालन भएका उद्योग तत्काल बन्द गरेको ब्यहोरा निज निवेदकले नै आफ्नो निवेदनमा उल्लेख गरेको देखियो । मिति २०७४।११।३० गते अनुगमन गर्दा त्रिशुली बालुवा प्रशोधन उद्योगको पनि Sedimentation tank ब्यवस्थित नभई मापदण्ड पुरा नभएको नियमानुसारका शर्त एवम् मापदण्ड पुरा नगरेको पाईएकोले अर्को आदेश नभएसम्मको लागि उद्योग बन्द गर्ने अनुगमन समितिको निर्णयानुसार सो बालुवा प्रशोधन उद्योग बन्द गरेको हो । सो बाहेक यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालय नुवाकोटबाट कुनै काम कारवाही नभएकोले यस जिल्ला प्रहरी कार्यालय नुवाकोटलाई बिपक्षी बनाउनु पर्ने कारण र अवस्था नहुँदा निवेदकको रिट निवेदन खारेजभागी छ खारेज गरी पाउँ भन्ने बेहोराको जिल्ला प्रहरी कार्यालय नुवाकोटको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

८) विपक्षी त्रिशुली वालुवा प्रशोधन उद्योगलाई यस सर्वोच्च अदालतबाट राजेन्द्र चित्रकार निवेदक भएको रिट नं.०७४-WO-०७०४ को अन्तरिम आदेश पश्चात बन्द गर्न पत्र दिएको नभई यस कार्यालयबाट उद्योग दर्ता हुँदाका वखत जारी भएको च.नं.१३७९ मिति २०७३/१२/१७ को पत्रमा उल्लेखित शर्तहरु संयुक्त अनुगमनको सिलसिलामा पूरा नगरेको पाइएको हुँदा मिति २०७४।११।३० मा पत्र दिइएको हो । मिति २०७४।१२।२४ मा उद्योग खोल्ने पत्र पाएको भनी रिट निवेदनमा झुठा कुरा उल्लेख भएको छ । प्रमुख जिल्ला अधिकारीको मिति २०७४ फागुन ३० गते भएको स्थलगत अनुगमन पश्चातको निर्णय नं.१ अन्तर्गत क्र.स.१८ मा त्रिशुली बालुवा प्रशोधन उद्योग, वेलकोटगढी-५ को स्थिति Sedimentation Tank व्यबस्थित नभएको उल्लेख भई माइन्युटको निर्णय नं.२ वमोजिम अर्को आदेश नभएसम्मका लागि उद्योग वन्द गर्न अनुगमन टोलीको रोहवरमा स्थलगत रुपमै पत्र वुझाउने कार्य सम्पन्न गरिएको थियो। विपक्षी त्रिशुली वालुवा प्रशोधन उद्योगले Sedimentation Tank व्यबस्थित नगरी हिलो पानी सहितका फोहोर वस्तुहरु सिधै नदीमा पठाएको पाइएको हुँदा अनुगमन समितिको वैठकको निर्णय नं.१ र २ वमोजिम मिति २०७४।११।३० मा विपक्षी उद्योगलाई बन्द गर्ने पत्र दिइएको र सो पत्रको अवज्ञा गरी संचालन गरिरहेको अवस्थामा सम्मानित सर्वोच्च अदालतको मिति २०७४।०१।२५ को आदेशानुसार वन्द गराउने कार्य कानूनसम्मत भएकोले संविधान प्रदत्त उद्योग व्यबसाय गर्ने हकको प्रयोग गर्दा संविधानको धारा ३० मा उल्लेखित वातावरण सम्वन्धी मौलिक हक तथा प्रचलित कानूनमा उल्लेखित प्रावधानहरुलाई उल्लघंन गर्न नमिल्ने हुँदा विपक्षीका निराधार, कानूनसंगत नभएको रिट निवेदन दावी खारेज गरी पाऊँ भन्ने बेहोराको उद्योग विकास शाखा बिदुर नगरपालिका, नुवाकोटको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

९) यसमा अन्तरिम आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिरका सन्दर्भमा विचार गर्दा मिसिल संलग्न कागजातबाट Sedimentation Tank व्यवस्थित नभएको, उद्योग संचालनको शर्त तथा मापदण्ड पूरा नगरेको भन्ने तथ्य प्रस्तुत हुन आएको, उद्योग संचालनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) भएको नदेखिएको र ०७४-WO-०७०४ को रिट निवेदनका सन्दर्भमा यस अदालतको संयुक्त इजलासबाट मिति २०७५।१।५ मा "त्रिशुली र तादि नदीबाट गैह्र कानूनी रुपमा उत्खनन् र

संचालन गरिएको रोडा, ढुङ्गा, बालुवा प्रशोधन उद्योगहरु संचालन गर्न नदिनु, तत्काल बन्द गराई वातावरण संरक्षण गर्नु" भनी अन्तरिम आदेशसमेत जारी भएको र सो आदेश कायमै रही रहेको देखिएको हुँदा सुविधा सन्तुलनसमेतका दृष्टिले हेर्दा यस अदालतका एक न्यायाधीशको इजलासबाट मिति २०७५।२।३१ मा जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिईरहन परेन। लगाउमा रहेको रिट निवेदनसमेत साथै राखी नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०७५।३।३१ को आदेश।

## ठहर खण्ड

१०) नियमबमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल अध्ययन गरी निवेदक त्रिशुली बालुवा प्रशोधन उद्योगको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा र विद्वान् अधिवक्ता श्री बल्लभ बस्नेतले निवेदकलाई विपक्षी नबनाएको यस अदालतमा विचाराधीन ०७४-WO-०७०४ को रिट निवेदनमा मिति २०७५।१।२५ गते जारी भएको अन्तरिम आदेशमा त्रिशुली र तादी नदीमा दर्ता नै नगरी उद्योग संचालन गरेका तथा अनुगमनले उद्योग बन्द गर्न पत्र दिएको रोडा, ढुङ्गा, बालुवा प्रशोधन उद्योगहरु संचालन गर्न नदिनु, तत्काल बन्द गराई वातावरण संरक्षण गर्नु भन्ने उल्लेख छ । निवेदकले बालुवा प्रशोधन उद्योगका लागि प्रारम्भिक वातावरणीय परिक्षण (Initial Environment Examination) गर्नु पर्ने कानूनी व्यवस्था नै नभएकोले कानूनबमोजिम दर्ता गरी इजाजत प्राप्त गरी संचालित उद्योगलाई प्रत्यर्थी कार्यालयबाट खटाएका प्रहरी कर्मचारीले हाम्रा हकमा लागु नै नहुने अन्तरिम आदेशका आधारमा उद्योग संचालन गर्न रोकलगाउने कार्य भएबाट निवेदकको उद्योगलाई संविधान तथा कानूनद्वारा प्रदत्त हकमा आघात पुग्न गई निवेदकले इजाजत लिई नुवाकोट जिल्लामा संचालन गरेका बालुवा उद्योगलाई संचालन गर्नबाट रोक नलगाउन संचालनमा वाधा, व्यवधान नगर्न भनि प्रतिषेध लगायत अन्य जो चाहिने आज्ञा, आदेश वा पूर्जी जारी गरी पाउँ भनी बहस गर्नु भयो। विपक्षी जिल्ला प्रशासन कार्यालय नुवाकोट र जिल्ला प्रहरी कार्यालय नुवाकोट तर्फबाट सह न्यायाधिवक्ता श्री ध्रुवकुमार चौहानले नुवाकोट जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीज्यूको नेतृत्वमा परिचालित मिति २०७४।११।३० देखि २०७४।१२।६ सम्म संयुक्त अनुगमनको क्रममा Sedimentation Tank व्यवस्थित नभएको लगायतका मापदण्डहरु मिचिएको

देखिएकोले अनुगमन समितिको वैठकको निर्णयबमोजिम विपक्षी उद्योगहरुमध्ये केहीलाई मिति २०७४।१२।३ लाई वन्द गर्ने गरेको निर्णय र यस अदालतबाट ०७४-WO-०७०४ को रिट निवेदनमा मिति २०७५।१।२५ गते अन्तरिम आदेश हुँदा त्रिशुली र तादी नदीबाट गैरकानूनी रुपमा उत्खनन् र सङ्कलन गरिएका रोडा, ढुङ्गा, बालुवा प्रशोधन उद्योगहरु सञ्चालन गर्न नदिनु, तत्काल बन्द गराई वातावरण संरक्षण गर्नु भनी यस कार्यालयहरुको नाउँमा आदेश भएकोले सोही अन्तरिम आदेशको पालना गरेको हो। सो बाहेकका कार्य यस कार्यालयहरुबाट नभएकोले विपक्षी बनाउनु पर्ने कारण र अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउँ भनी बहस गर्नु भयो । विदुर नगरपालिका, उद्योग विकास शाखा, नुवाकोटको तर्फबाट विद्वान् अधिवक्ता श्री गजेन्द्र आर्यालले नुवाकोट जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीज्यूको नेतृत्वमा परिचालित मिति २०७४।११।३० देखि २०७४।१२।६ सम्म संयुक्त अनुगमनको क्रममा Sedimentation Tank ब्यवस्थित नभएको लगायतका मापदण्डहरु मिचिएको देखिएकोले अनुगमन समितिको वैठकको निर्णयबमोजिम विपक्षी उद्योगहरुमध्ये केहीलाई मिति २०७४।१२।३ लाई वन्द गर्ने पत्र दिइएकोमा सो निर्देशनको अवज्ञा गरी संचालन गरी रहेको परिप्रेक्ष्यमा रिट नं.०७४-wo-०७०४ मा यस अदालतबाट भएको अन्तरिम आदेश कार्यान्वयन गर्नुपर्ने कर्तव्य पुरा मात्र गरेकोले विपक्षी रिट निवेदकको कुनै हक अधिकार हनन् नभएको हुदाँ रिट निवेदन खारेज गरी पाउँ भनी बहस गर्नु भयो ।

११) दुवै पक्षका कानुन व्यवसायीहरुको बहस सुनी निर्णयतर्फ विचार गर्दा प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन? तत्सम्वन्धमा निर्णय दिनुपर्ने देखियो ।

१२) यसमा निवेदकलाई विपक्षी नबनाएको यस अदालतमा विचाराधीन ०७४-WO-०७०४ को रिट निवेदनमा मिति २०७५।१।२५ गते जारी भएको अन्तरिम आदेशको आधारमा निवेदकले कानूनबमोजिम दर्ता गरी इजाजत प्राप्त गरी संचालित उद्योगलाई प्रत्यर्थी कार्यालयबाट खटाएका प्रहरी कर्मचारीले उद्योग संचालन गर्न रोकलगाउने कार्य भएबाट निवेदकको उद्योगलाई संविधान तथा कानूनद्वारा प्रदत्त हकमा आघात पुग्न गई निवेदकको उद्योगलाई संचालन गर्न बाट रोक नलगाउन संचालनमा वाधा, व्यवधान नगर्न भनि प्रतिषेध लगायत अन्य जो चाहिने आज्ञा, आदेश जारी गरी पाउँ भन्ने निवेदन माग दावी रहेको देखिन्छ । जिल्ला प्रशासन कार्यालय

नुवाकोटबाट मिति २०७४।११।३० देखि २०७४।१२।६ सम्म अनुगमन हुँदा केही उद्योगहरुले मापदण्ड पुरा गर्नुपर्ने अवस्था देखिएको आधारमा मिति २०७४।१२।३ वन्द गर्ने पत्र दिइएकोमा र यस अदालतमा विचाराधीन ०७४-WO-०७०४ को रिट निवेदनमा मिति २०७५।१।२५ गते गैरकानूनी रुपमा उत्खनन् र संकलन गरिएका रोडा, ढुङ्गा, बालुवा प्रशोधन उद्योगहरु संचालन गर्न नदिनु, तत्काल बन्द गराई वातावरण संरक्षण गर्नु भनी यस कार्यलयहरुको नाममा भएको अन्तरिम आदेश कार्यान्वयन गर्नुपर्ने कर्तव्य पुरा मात्र गरेको भन्ने समेतको विपक्षीहरुको लिखित जवाफ रहेको देखिन्छ।

१३) निर्णयतर्फ विचार गर्दा, रिट निवेदक कानूनको सम्पूर्ण कार्यविधि तथा प्रक्रिया पुरा गरेर बालुवा प्रशोधनको उद्योग स्थापना गरी संचालन गरिरहेकोमा मिति २०७४।११।३० मा जिल्ला प्रशासन कार्यालय, नुवाकोट समेतको अनुगमनबाट उद्योग बन्द गर्न पत्र दिइयो। जिल्ला प्रशासन कार्यालय, नुवाकोट र जिल्ला प्रहरी कार्यालय, नुवाकोटबाट खटिएको प्रहरीले सम्मानित सर्वोच्च अदालतबाट रिट निवेदक राजेन्द्र चित्रकार भएको ०७४-WO-०७०४ को रिट निवेदनमा मिति २०७५।०१।२५ मा बालुवा प्रशोधन उद्योग बन्द गर्नु भनी अन्तरिम आदेश भएकोले उद्योग तुरुन्त बन्द गर्नु भन्ने मौखिक आदेश दिइयो। मिति २०७४-WO-०७०४ रिट निवेदनमा म निवेदकको उद्योगलाई विपक्षी नबनाएकोले अन्तरिम आदेश मलाई बन्धनकारी छैन। वातावरण संरक्षण ऐन तथा नियमावलीले बालुवा प्रशोधन उद्योगका लागि प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environment Examination) गर्नु पर्ने कानूनी व्यवस्था नै छैन, उद्योग खोल्दा र संचालन गर्दा अन्य सबै कार्यविधि र प्रक्रिया पुरा गरेको छु। ०७५-WO-०७०४ को रिट निवेदनमा जारी भएको अन्तरिम आदेशको आधारमा भएको अनुगमन देखाइएका त्रुटिपूर्ण सच्याई नगरपालिका सिफारिस बमोजिम उद्योग संचालन गरिरहेको छु। उक्त अन्तरिम आदेश दर्ता नै नगरी अवैध रुपमा संचालनमा रहेका उद्योगको हकमा कार्यान्वयन हुने हो, दर्ता गरी संचालन गरिएका उद्योगको लागि होइन। म निवेदकले इजाजत लिई संचालन गरेको बालुवा प्रशोधन उद्योगलाई संचालन गर्नबाट रोक नलगाउनु, संचालनमा बाधा व्यवधान नगर्नु नगराउनु भन्ने आदेश जारी गरी पाउँ भन्ने निवेदन जिकिर रहेको छ।

१४) प्रस्तुत रिट निवेदन जिल्ला प्रशासन कार्यालय नुवाकोटका प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गएको अनुगमन टोलीले मिति २०७४।११।३० देखि ऐ. २०७४।१२।६ गतेसम्म स्थलगत रुपमा अनुगमन गर्दा निवेदकको त्रिशुली बालुवा प्रशोधन उद्योगले Sedimentation tank को राम्रो व्यवस्थापन गरेको नदेखिएको र उद्योग रहेको देव्रे खोलामा पानी फाल्दा ट्यांक निर्माण गरी पानी फाल्ने व्यवस्था गर्नु पर्ने समेत मापदण्ड पुरा नगरेको भन्ने हुँदा पनि उक्त उद्योगहरू संचालनमा रहेकाले मापदण्ड पुरा नगरी गैरकानूनी रुपमा संचालित नुवाकोट जिल्लामा बग्ने त्रिशुली, तादी नदी लगायतका नदीहरूमा कानून बमोजिम IEE र EIA स्वीकृत नगरी कुनै पनि क्रसर रोडा, ढुङ्गा र बालुवा प्रशोधन कार्य नगर्नु नगराउनु र अनुगमन प्रतिवेदनबाट गैरकानूनी रुपमा संचालन भै आएका क्रसर र बालुवा प्रशोधन उद्योगहरूलाई संचालन गर्न नदीनु संचालन नगर्नु नगराउनु तत्काल बन्द गर्नु गराउनु नियन्त्रण र नियमन गर्नु, वातावरणको संरक्षण गर्नु, वातावरणीय पर्यावरणमा खलल् पुग्ने तथा उत्खनन् रोक्न र संकलन गर्ने कार्य नगर्नु र नगराउनु सरकारी र सार्वजनिक जग्गा प्रयोग गरी त्रिशुली, तादी नदीको स्वरुप विकृत र प्रदुषित भएकोले सार्वजनिक सम्पत्ती संरक्षण गर्नु भनी परमादेशको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदक राजेन्द्र चित्रकार भएको ०७४-WO-०७०४ को उत्प्रेषण परमादेश मुद्दामा यस अदालतबाट मिति २०७५।१।२५ मा "..... वातावरणीय क्षति पुग्ने देखिएकोले प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नभएसम्म त्रिशुली र तादी नदीबाट गैरकानूनी रुपमा उत्खनन् र संकलन गरिएका रोडा, ढुङ्गा, बालुवा प्रशोधन उद्योगहरू संचालन गर्न नदीनू, तत्काल बन्द गराई वातावरण संरक्षण गर्नु भनी" विपक्षीहरुको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) बमोजिम अन्तरिम आदेश जारी भएपछि सोको आधारमा निवेदकको उद्योग मापदण्ड विपरित संचालन भएको र नविकरण समेत नगरी अवैध रुपमा संचालन गरेको भन्ने आधारमा निवदेकको उद्योगलाई बन्द गर्न संचालन नगर्न भनी जिल्ला प्रशासन कार्यालय, नुवाकोटले पत्र दिएको भन्ने र रिट निवेदकले मौखिक रुपमा भनेको भन्ने आधारमा प्रस्तुत रिट निवेदन दिएको देखिन्छ।

१५) रिट निवेदकको बालुवा प्रशोधनको उद्योग रहेको छ। उक्त उद्योगले वातावरण संरक्षण ऐन तथा नियमावलीमा प्रारम्भिक वातावरणीय परिक्षण (Initial Environment Examination) गर्नु पर्ने कानूनी व्यवस्था रहेको छैन भन्ने निवेदकले जिकिर लिएका

छन्। वातावरणलाई असर पार्ने कुनै पनि उद्योगले प्रारम्भिक वातावरणीय परीक्षण गराएर मात्र उद्योगको स्थापना र संचालन गर्नु पर्ने व्यवस्था वातावरण संरक्षण ऐन, २०५३ को दफा ३, एवं मन्त्रि परिषद्, आर्थिक तथा पूर्वाधार समितिबाट गठित उपसमितिबाट ढुङ्गा, गिट्टी, बालुवा समेतको व्यवस्थापनको सन्दर्भमा मिति २०७०।२।२६ मा दिएको प्रतिवेदन, जनसंख्या तथा वातावरण मन्त्रालयको रोडा, ढुङ्गा, संचालन तथा क्रशर उद्योगको दुरी सम्बन्धी मापदण्ड, २०७३ र ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ मा स्पष्ट किटानी रुपमा गरेको देखिन्छ। यसकारणले निवेदकले बालुवा प्रशोधन उद्योगले प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्दैन भन्ने जिकिर कानून सम्मत देखिंदैन।

१६) निवेदकले आफ्नो उद्योग कानून बमोजिम दर्ता भै संचालनमा रहेको भन्ने जिकिर लिएपनि उद्योग संचालन गर्दा सवै मापदण्ड र शर्तहरुको पालना अनिवार्य रुपमा गर्नु पर्ने हुन्छ। निवेदक राजेन्द्र चित्रकार भएको रिट नं. ०७४-WO-०७०४ को रिट निवेदनमा मिति २०७५।०१।२५ मा भएको अन्तरिम आदेशको आधारमा जिल्ला प्रशासन कार्यालय नुवाकोट समेतले संयुक्त रुपमा गरेको अनुगमन गरी दिएको प्रतिवेदनको आधारमा आफ्नो उद्योगलाई बन्द गर्न मौखिक रुपमा भनेर प्रहरीलाई खटाईको भन्ने जिकिर लिइएको छ। अनुगमन प्रतिवेदनमा निवेदकको त्रिशुली बालुवा प्रशोधन उद्योगको Sedimentation Tank व्यवस्थित नभै मापदण्ड पुरा नभएको नियमानुसार शर्त एवं मापदण्ड पुरा नगरेको भन्ने व्यवहोरा उल्लेख छ। निवेदक उद्योगलाई संविधानको धारा १७(२) (च) ले पेशा व्यवसायको हक प्रदान गरेको छ, यो हक कानूनको प्रक्रिया पुरा गरेर नै प्रयोग गर्नु पर्दछ। उद्योग संचालनको पेशा व्यवसायको हक पनि प्रदुषणलाई नियन्त्रण गर्ने राज्यको नीति भन्दा माथि रहेर वातावरण प्रदुषण गर्ने गरी उद्योग संचालन गर्ने हक निरपेक्ष रुपमा हुन सक्दैन।

१७) आफ्नो उद्योगलाई विपक्षी नबनाएको ०७४-WO-०७०४ को रिट निवेदनमा जारी भएको अन्तरिम आदेश आफूलाई बन्धनकारी हुन सक्दैन भन्ने निवेदन जिकिर रहेकोमा ऐन, कानून, नियम, निर्देशिका र मापदण्डका व्यवस्था बाहिर गएर कुनै पनि उद्योगहरु संचालन गर्न नमिल्ने हुँदा त्यससंग सम्बन्धित कुनै पनि मुद्दामा जारी भएको आदेश र अन्तरिम आदेशहरु समान अवस्थामा अनुकरणिय रुपमा लागु हुने

हुन्छ। राज्यको ऐन, कानून, नियम निर्देशिका र मापदण्ड र सोको आधारमा अदालतबाट जारी भएका आदेशहरुलाई सम्बन्धित निकाय, व्यक्ति पदाधिकारी, संस्था, फर्म, कम्पनी एवं उद्योगहरुले अनिवार्यतः विना कुनै शर्त मान्नु पर्ने र त्यसको पालना गर्नु पर्ने हुन्छ।

१८) निवेदकले उद्योग संचालनका लागि कम्पनी तथा फर्म दर्ता गरी रोडा ढुङ्गा बालुवा प्रशोधनका लागि वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली, २०५४ साथै अन्य सम्पूर्ण प्रचलित कानूनअनुसारका कार्यविधि तथा प्रकृयाबमोजिम उद्योग स्थापना तथा इजाजत प्राप्त गरेको अवस्था छ । निवेदक कम्पनीले हाल सम्मको कर चुक्ता प्रमाण पत्र र कम्पनि अध्यावधी गरेको प्रमाण पत्रको प्रतिलिपी बहसको क्रममा इजलास समक्ष पेस गरेको देखिन्छ । नुवाकोट जिल्लाका संचालनमा रहेका क्रसर तथा बालुवा उद्योगहरूको विवरण संकलनको लागि प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा मिति २०७४।११।३० देखि २०७४।१२।०६ सम्म स्थलगत रुपमा अनुगमन गर्दा निवेदक सहितका उद्योगहरुको Sedimentation tank को राम्रो व्यवस्थापन नभएको र अन्य शर्तहरु पुरा गरेको नदेखिँदा उद्योग विकाश शाखा, विदुर नुवाकोट समेतबाट अनुगमन टोलीको रोहवरमा अर्को आदेश नभएसम्मका लागि निवेदकको उद्योग लगायत अन्य उद्योगहरुलाई पनि बन्द गर्न स्थलगत रुपमै पत्र बुझाउने निर्णय गरेको मिसिल संलग्न कागज प्रमाणबाट देखिन्छ । त्यसपछि यस अदालतमा विचाराधीन रही आज यसै इजलासबाट अन्तिम आदेश भएको ०७४-WO-०७०४ को रिट निवेदनमा मिति २०७५।१।५ मा "त्रिशुली र तादी नदीबाट गैह्र कानूनी रुपमा उत्खनन् र संचालन गरिएको रोडा, ढुङ्गा, बालुवा प्रशोधन उद्योगहरू संचालन गर्न नदीनु, तत्काल बन्द गराई वातावरण संरक्षण गर्नु" भनी अन्तरिम आदेशसमेत जारी भएको देखिन्छ। कानून बमोजिम दर्ता भै संचालनमा रहेका निवेदक समेतका उद्योगहरू उपरोक्तानुसार अन्तरीम आदेश जारी भए देखि बन्द नै रही रहेको अवस्था छ। यसै अवधिमा अनुगमनले औंल्याएका मापदण्ड सम्बन्धी सम्पूर्ण कमिकमजोरीहरु व्यबस्थापन गरी सकेको भनी निवेदकले आफ्नो रिट निवेदनमा र साथै बहसको क्रममा जानकारी गराएको पाईन्छ। यसै लगाउका ०७४-WO-०७०४ को रिट निवेदनमा निवेदकको उद्योग लगायत अन्य उद्योगहरुलाई विपक्षी समेत बनाएको मिसिलबाट नदेखिंदा निवेदक उद्योगले आफ्नो अवस्थाको बारेमा अदालतलाई जानकारी गराउन सक्ने बाटो र आधार नै भएन।

निवेदकको उद्योगको काम कारवाहीकै कारण वातावरणीय सन्तुलन बिग्रन गएको छ छैन? भनी निष्कर्षमा पुग्न ती उद्योगको भनाई समेतलाई बुझ्नु पर्ने हुन्छ। त्यसैको लागि पनि त्यहाँ संचालित निवेदकसमेतका उद्योगहरूलाई विपक्षी बनाउनु पर्नेमा सो समेत गरेको देखिएन ।

१९) यस अदालतमा दायर भएको ०७४-WO-०७०४ को रिट निवेदनमा मिति २०७५।०१।२५ गते जारी भएको अन्तरिम आदेशको आधारमा यी निवेदक समेतको उद्योगलाई बन्द गर्न भनी मौखिक रुपमा निर्देशन गरिएको छ, तर उक्त रिट निवेदनमा यी निवेदक उद्योगलाई विपक्षी नबनाई सरकारी कार्यालय र निकायलाई मात्र बनाएको छ। यी निवेदक उद्योगलाई विपक्षी नै नबनाइएको रिट निवेदनमा जारी भएको अन्तरिम आदेशको आधारमा निवेदक समेतको उद्योग बन्द गर्न मौखिक रुपमा निर्देशित गरिएको छ। उद्योग बन्द गर्ने मौखिक वा लिखत सूचना दिनु अघि आफ्नो उद्योग बन्द गर्नु भन्नाको कारण के हो? त्यस सम्बन्धमा यी निवेदक उद्योगसँग केही पनि सोध पुछ गरिएको छैन। उद्योग संचालन गरिरहेको निवेदकको पेशा व्यवसाय गर्ने हकलाई स्थानीय प्रशासनले नियन्त्रण गर्दा त्यस पूर्व निवेदक उद्योगलाई प्राकृतिक न्यायको सिद्धान्त (Principle of Natural Justice) बमोजिम सामान्य जानकारी गराएर त्यस बारेमा केही सोधपुछ गरी निवेदक उद्योगलाई पनि आफ्नो भनाई राख्ने र व्यक्त गर्ने मौका दिनु पर्नेमा सो समेत दिएको देखिंदैन।

२०) निवेदकको उद्योग सम्बन्धी सक्कल फाईल र प्रत्यर्थीहरुको लिखित जवाफ हेर्दा, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय र उद्योग विकास शाखा, विदुर नगरपालिका, नुवाकोटको लिखित जवाफ हेर्दा, जिल्ला प्रशासन कार्यालय समेतले मिति २०७४।११।३० देखि ऐ. चैत्र ६ गते सम्म नुवाकोट जिल्ला स्थित विभिन्न क्रशर र बालुवा प्रशोधन उद्योगहरुको अनुगमन गर्दा अवैध रुपमा संचालन भएका उद्योग तत्काल बन्द गर्न लगाएको र निवेदकको त्रिशुली बालुवा प्रशोधन उद्योग दर्ता हुँदाका बखत जारी भएको च.नं. १३७९ मिति २०७३।१२।१७ को पत्रमा उल्लेख शर्तहरु संयुक्त अनुगमनको सिलसिलामा पुरा नगरेको पाइएको हुँदा उक्त उद्योग बन्द गर्न मिति २०७४।११।३० मा पत्र दिएको देखिन्छ। मिति २०७४।११।३० मा भएको अनुगमन पश्चात भएको निर्णयको नि.नं. १ अन्तर्गत, क्र.सं. १८ को निवेदकको त्रिशुली बालुव प्रशोधन उद्योगको Sedimentation Tank

व्यवस्थित नभएको भनी उल्लेख गरी नि.नं. २ मा अर्को आदेश नभएसम्मको लागि उद्योग बन्द गर्न अनुगमन टोलीको रोहवरमा स्थलगत समेत पत्र बुझाएको कार्य गरेको र निवेदकको उद्योगले Sedimentation Tank व्यवस्थित नगरी हिलो पानि सहितका फोहोर वस्तुहरु सिधै नदिमा पठाउने गरेकोले अनुगमन समितिको बैठकको नि.नं. १ र २ का आधारमा मिति २०७४।११।३० मा उद्योगलाई बन्द गर्न पत्र दिएको र सो पत्रको पनि अवज्ञा गरी उद्योग संचालन गरिरहेको देखिंदा यस अदालतबाट रिट नं. ०७४-WO-०७०४ को मुद्दामा मिति २०७५।१।२५ गते जारी भएको अन्तरिम आदेशको आधारमा निवेदकको उद्योग बन्द गराउने कार्य भएको देखिन्छ। निवेदकको उद्योगलाई बन्द गर्न निवेदकले रिटमा भने जस्तै मौखिक रुपमा नभनी लिखित रुपमा नै पत्र दिएको भन्ने समेत देखिन्छ।

२१) निवेदक उद्योगको प्रारम्भिक वातावरण परिक्षण (IEE) स्वीकृत भएको र करचुक्ताको प्रमाणपत्र पेश भएको र अन्य शर्तहरु पुरा भएको अवस्था छ। निवेदक समेतले उद्योगलाई पनि घरेलु तथा साना उद्योग विकास समितिबाट २०७४ सालमा निरिक्षण गरी लेखेको पत्रमा २०७४ साल असार मसान्त पछि संचालन गर्न रोक लगाइएको र अहिलेको निरिक्षण प्रतिवेदनबाट पनि Sedimentation Tank नभएको भन्ने व्यहोरा उल्लेख गरी उद्योग बन्द गर्न भनिएको छ। यस प्रकार कानून बमोजिम दर्ता भएका निवेदक उद्योगले उद्योग दर्ताको सयमा तोकिएको शर्त र मापदण्डहरु नियमित रुपमा अनिवार्यतः पुरा गरेको हुनुपर्छ। अनुगमन र निरिक्षण प्रतिवेदन हेर्दा, निवेदकको बालुवा प्रशोधनको उद्योगमा केही प्राविधिक प्रकृतिका कमी र कमजोरीहरु रहे भएको अवस्था देखिदा तिनिहरुलाई सुधार गर्नु पर्ने देखिन आउँछ। निवेदकले रिट निवेदनमा उद्योगमा सुधार गर्नु पर्ने कुरा सुधार गरी मापदण्ड पुरा गरिसकेको भन्ने उल्लेख गरेका र साथै यस अदालतबाट मिति २०७५।२।३१ गते जारी भएको अल्पकालिन आदेशमा उद्योगले IEE गरी रित पूर्वक दर्ता इजाजत लिई व्यवसाय गरेको कागजातहरु पेश भएको भन्ने देखिदा निवेदकको उद्योगले केही प्राविधिक पक्षका मापदण्डहरुलाई सुधार गरे पनि केही पक्षहरुलाई भने सुधार गर्नु पर्ने देखिन आउँछ।

२२) प्रत्यर्थीको लिखित जवाफमा संविधान प्रदत्त उद्योग व्यवसाय गर्ने हकको प्रयोग गर्दा, संविधानको धारा ३० मा उल्लेखित वातावरण सम्बन्धी मौलिक हक तथा प्रचलित कानूनमा उल्लेखित प्रावधानहरुलाई उल्लंघन गर्न नमिल्ने व्यहोरा उल्लेख छ।

निवेदकले उद्योग संचालन गर्न पाउने आफ्नो पेशा व्यवसाय सम्बन्धी मौलिक हकको जिकिर गर्दा, स्वच्छ वातावरण, प्रदुषण नियन्त्रण र उद्योगहरुले पुरा गर्नु पर्ने शर्त र मापदण्डहरुलाई पनि सोही समकक्ष नै राखेर हेर्नु पर्ने हुन्छ। संविधानले स्वच्छ वातावरणमा रहन र बाच्न पाउने गरी नागरिकलाई (संविधानको धारा ३०) मौलिक हक प्रदान गरेको छ। संविधानले यस अधिकारसंग सम्बन्धित अन्य मौलिक हक अधिकारहरु स्वच्छ वातावरणमा मर्यादा पूर्वक जीवन बाच्न पाउने अधिकार (धारा १६ (१)), नागरिकको पेशा तथा रोजगारको हक (धारा १७ (२) (च)), प्राकृतिक श्रोत र त्यस उपर राज्य र नागरिकको अधिकारको सिमा, (धारा ५१ (छ) (१)) नागरिकलाई समानताको हक (धारा १८ (१)), सम्पतीको आर्जन, भोग, बेचविखन र व्यवसायिक लाभको प्राप्त र सम्पतीको अन्य कारोबार गर्ने सम्पती सम्बन्धी हक धारा २५ (१) को पनि व्यवस्था गर्नुको साथसाथै नागरिकलाई संविधानले तोकेको मौलिक कर्तव्यको रुपमा संविधान र कानूनको पालना (धारा ४८ (ख)) एवं सार्वजनिक सम्पतीको सुरक्षा र संरक्षण गर्नु पर्ने व्यवस्था पनि गरेको छ। वातावरण संरक्षण ऐन, २०५३, ऐ. को नियमावली २०५४, खानी तथा खनिज पदार्थ ऐन, २०४२, जलश्रोत ऐन, २०४९, राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९, वन ऐन २०४९ का विविध व्यवस्थाहरुले बालुवा प्रशोधन र क्रशर उद्योगहरुले कानूनको प्रक्रिया पुरा गरेर दर्ता र सवै मापदण्डहरु पुरा गरी संचालन गर्नु पर्ने, वनजंगल, नदी नाला, सार्वजनिक स्थान, बगर लगायतको ठाउँ भन्दा तोकिएको दूरीमा संचालन गर्दा तथा बालुवा, रोडा, इत्यादी जस्ता नदीजन्य प्राकृतिक श्रोतहरुको उत्खनन, खोदन र प्रशोधनको कार्य गर्दा वातावरण अनुकूल र दिगो रुपमा हुने गरी व्यवस्था गर्नु पर्ने, प्राकृतिक श्रोतहरुको उत्खनन्, त्यसको सिमा त्यसबाट वातावरण, नजिकको वनजंगल जमीन, गाउँ वस्ती, सडक, पूल, चराचुरुङ्गी र जंगली जनावर र प्राणीहरुको बास स्थान र प्राकृतिक जडिबुट्टीको समेत संरक्षण गर्नु पर्ने आदिको विषयमा आज यसै इजलासबाट रिट नं. ०७४-WO-०२०५, ०७४-WO-०९२४ मा परमादेश प्रतिषेध र अन्य उपयुक्त आदेश समेत जारी हुने गरी आदेश भएको र साथै ०७४-WO-०७०४ को रिट निवेदनमा रिट खारेज भएपनि केही महत्वपूर्ण र विशेष बुँदाहरु उल्लेख गरी विस्तृत रुपमा निर्देशनात्मक आदेश समेत जारी भएको हुँदा उक्त रिट

निवेदनका फैसलामा उल्लेखित बुँदाहरु समेत प्रस्तुत रिट निवेदनको फैसलाको आधारको रुपमा मान्नु पर्ने हुन्छ।

२३) प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा भएको स्थलगत अनुगमनबाट निवेदकको उद्योगको Sedimentation tank को राम्रो व्यवस्थापन भएको नदेखिएको, मापदण्ड पुरा नगरेको भन्ने रहेको छ। उद्योगका उक्त कमीहरु सुधार गर्न सकिने प्रकृतिका रहेका छन्। कानून बमोजिम दर्ता भै संचालनमा रहेका उद्योग मापदण्ड विपरित रहेका छन् भने त्यस्ता उद्योगको मापदण्डमा कमी भएका प्राविधिक र व्यवस्थापिकीय पक्षहरुलाई सुधार गर्ने मौका दिइएको तथ्य अदालतबाट प्रतिपादित सिद्धान्त र मान्यताहरु नै स्थापीत भै सकेका छन्। मापदण्डलाई सुधार गर्न सकिने अवस्थामा उद्योग भए तिनिहरुलाई बन्द नै नगराई सुधार गर्ने मौका दिएर सुधार्न लगाइन्छ। ठुलो लगानी गरेर स्थापना भएका उद्योगलाई सुधार योग्य र सुधारात्मक प्रकृतिका प्राविधिक कमजोरी भएको आधारमा उद्योग नै बन्द गर्ने जस्तो अन्तिम अस्त्र प्रयोग नगरी उद्योगलाई निश्चित समय दिएर सुधार गर्न लगाउने प्रचलन रहेको छ। उद्योग संचालन गर्ने गराउने सन्दर्भमा यो नै उत्तम र सुधारात्मक उपाय हो। अनुगमनले औंल्याएको मापदण्ड सम्बन्धी सम्पूर्ण कमी कमजोरीहरु व्यवस्थापन गरी सकेको भनी निवेदकले निवेदनमा उल्लेख गर्नुको साथै बहसको क्रममा जानकारी गराएको देखिँदा निवेदकको उद्योग मापदण्ड पुरा नगरी गैरकानूनी रुपमा संचालन भएको भन्ने देखिन आएन। निवेदकको उद्योगले कमी भएका मापदण्डहरुलाई सुधार गरेर अद्यावधिक बनाएको अवस्था रहेको भन्ने र साथै सो कार्यले ऐन र मापदण्ड निर्देशिकाले निर्दिष्ट गरेको मापदण्डहरु उद्योगले पुरा गरेको भन्ने हुँदा मापदण्डहरु पुरा गरेको उद्योगलाई संचालन गर्न नदीई बन्द गर्दा न्यायोचित हुने नदेखिंदा निवेदकको बालुवा प्रशोधन उद्योगलाई संचालन गर्नबाट रोक नलगाउन, संचालनमा बाधा व्यवधान नगर्न र उद्योग संचालन गर्नु दिनु भनी प्रतिषेध लगायत अन्य जो चाहिने आज्ञा, आदेश वा पूर्जी जारी गरिपाउँ भन्ने निवेदन जिकिर बमोजिम प्रतिषेधयुक्त परमादेशको आदेश जारी हुनु पर्ने देखिन आयो।

तसर्थ माथि विवेचित आधार र कारणबाट निवेदकले आफ्नो उद्योगमा भएका Sedimentation tank लाई सुधार गर्नु पर्ने जस्ता कमी कमजोरीहरूलाई सुधार गरेर र तिर्नु पर्ने राजश्व तिरेर, नवीकरण गरेर उद्योगलाई अद्यावधिक बनाइ सकेको देखिंदा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गएको अनुगमन टोलीले मिति

२०७४।११।३० देखि २०७४।१२।६ सम्म स्थलगत रुपमा अनुगमन गरी दिइएको प्रतिवेदनमा यी निवेदकको त्रिशुली बालुवा प्रशोधन उद्योगले Sedimentation Tank व्यवस्थित नगरी मापदण्ड विपरीत गैर कानूनी रुपमा संचालित भैरहेको देखिंदा उद्योग विकास शाखा, विदुर नुवाकोटबाट अनुगमन टोलीको रोहवरमा अर्को आदेश नभएसम्मका लागि उद्योग बन्द गर्न स्थलगत रुपमै नै पत्र बुझाउने काम भएको भन्ने मिति २०७४।११।३० गतेको बालुवा प्रशोधन उद्योगहरुको अनुगमन गर्न जिल्ला प्रशासन कार्यालय, नुवाकोटका प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा भएको उद्योगहरुको स्थलगत अनुगमनको निर्णय पुस्तिकाबाट देखिंदा र साथै मिति २०७५।०१।२५ गते जारी भएको अन्तरीम आदेशको आधारमा सो उद्योग संचालन नगरी बन्द गर्नु भनी जिल्ला प्रशासन कार्यालय, नुवाकोटबाट निवेदक उद्योगलाई दिएको मौखिक निर्देशन बमोजिम निवेदकको बालुवा, प्रशोधन उद्योगलाई सञ्चालन गर्नबाट रोक नलगाउनु, उद्योग सञ्चालन गर्नमा बाधा व्यवधान नगर्नु भनी विपक्षीहरुको नाउँमा प्रतिषेधको आदेश जारी हुने ठहर्छ।

साथै जिल्ला प्रशासन कार्यालय, नुवाकोटबाट मिति २०७४।११।३० देखि मिति २०७४।१२।०६ गते सम्म निवेदकको उद्योगमा अनुगमन हुँदा निवेदकको उद्योगले सुधारात्मक प्रकृतिका केही मापदण्डहरु सुधार गर्नु पर्ने अवस्थाको रहेकोमा यी निवेदकले आफ्नो उद्योगको त्यस्तो मापदण्डलाई सुधार गरी अध्यावधिक गराई सकेको अवस्था छ। उपरोक्तानुसार अनुगमन हुँदा औंल्याएको केही प्राविधिक पक्षका कमी कमजोरीहरुलाई सुधार गर्ने सन्दर्भमा थप EIA गर्नु पर्ने भए सो समेत गरेर तथा प्रस्तुत रिट निवेदन दायर हुनु भन्दा पछि बनेको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ आउनु अगाडि देखि नै संचालनमा रहेको निवेदकको उद्योगको हकमा उक्त मापदण्ड २०७७ मा थप भएका मापदण्डहरु समेत तीन महिना भित्रमा क्रमशः अपनाउँदै पुरा गरेर उद्योग संचालन गर्न पाउने गरी परमादेशको आदेश जारी हुने ठहर्छ।

२४) प्रस्तुत रिट निवेदनमा प्रारम्भमा अन्तरिम आदेश नभए पछि सोका लागि पुनः दिएको ०७७-FN-०१०० को निवेदनमा कुनै कारवाही अगाडी बढेको देखिएन। प्रस्तुत रिट निवेदनमा आजै उपरोक्तानुसार आदेश जारी हुने गरेर यसै इजलासबाट फैसला भै उक्त निवेदनको मकसद आदेशबाट नै पुरा भै प्रस्तुत ०७७-FN-०१०० निवेदनको औचित्य नै समाप्त भएको हुँदा प्रस्तुत निवेदनमा थप बेग्लै केही आदेश गरिरहन परेन।

२५) प्रस्तुत रिट निवेदनको मुद्दामा उपरोक्तानुसारको प्रतिषेधयुक्त परमादेशको आदेश जारी भएको र साथै निवेदकले उठाएका अन्य विषयवस्तु नदी र खोलामा बालुवा, रोडा, गिट्टी र ढुङ्गाको उत्खनन् गर्ने कार्य र त्यससँग सम्बन्धित बालुवा प्रशोधन र क्रसरका उद्योगलाई बढी नियमित गर्ने र वातावरणको क्षेत्रलाई पनि संरक्षण गर्न संवेदनशील भै विशेष ध्यान पुऱ्याउनु पर्ने र साथै मापदण्ड निर्देशिका, २०७७ मा उल्लेखित दुरीका सम्बन्धमा गंभीर रुपमा पुर्नविचार गरी कार्यान्वयन गर्न र यस क्षेत्रमा एउटा बेग्लै विशेष ऐन निर्माण गर्ने सम्बन्धमा यसै लगाउको निवेदक राजेन्द्र चित्रकार भएको रिट नं. ०७४-WO-०७०४ र निवेदक सूर्य कुण्डा रोडा उद्योग प्रा.लि.का अख्तियार प्राप्त व्यक्ति राजेन्द्र श्रेष्ठ भएको रिट नं. ०७४-WO-०२०५ को उत्प्रेषण परमादेश मुद्दामा आजै यसै इजलासबाट विस्तृत बुँदाहरु उल्लेख गरी निर्देशनात्मक आदेशसमेत जारी भएको र सो निर्देशनात्मक आदेश बमोजिम सरकारले नीति बनाएर वा उक्त आदेशलाई नै आफ्नो नीतिगत विषय सरह मानी पालना र कार्यान्वयन गर्नु पर्ने हुँदा निर्देशनात्मक आदेशमा उल्लेखित उक्त सबै बुँदाहरुलाई यहाँ पुनरावृती गरिरहन परेन ।

२६) यो आदेशको कार्यान्वयन र जानकारीको लागी आदेशको प्रति महान्यायाधिवक्ताको कार्यालय र सो मार्फत विपक्षीहरुलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृत(उपसचिव) : देवी चौधरी

कम्प्युटर : प्रेमबहादुर थापा

इति सम्वत् २०७७ साल चैत्र ९ गते रोज २ शुभम्-----------------------------।